## सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखाको आ.व. ०७७/०७८ को वार्षिक प्रगति प्रतिवेदन

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

पञ्जिकरण तर्फः

- व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यू, विवाह, बसाईसराई र सम्बन्ध विच्छेद) को हालसम्म दर्ता भएका घटना दर्ताका विवरणहरुलाई Digitized गर्ने कार्य सम्पन्न भयो। (१८३३३)
- व्यक्तिगत घटना दर्ता कार्यलाई व्यवस्थित र Digitalized गर्नको लागि घटना दर्ता किताबका विवरणहरुलाई Digitized गरी अन्नपूर्ण गाउँपालिका भित्रका सबै (१-८) वडाहरुमा अनलाईन घटना दर्ता कार्यको सुरुवात भयो।

सामाजिक सुरक्षा तर्फः

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको लागि भौगोलिक विकटता तथा दुरीको हिसाबले यस गाउँपालिकाको वडा नं. ०८ मा सामाजिक सुरक्षा भत्ता वितरणको लागि सम्झौता भएको प्रभु बैंक र गाउँपालिकाको समन्वयमा सेवाग्राहिहरुको घरदैलोमा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्य भयो।
- सामाजिक सरक्षा ऐन २०७५, संशोधित गर्न बनेको अध्यादेश "सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश २०७७" अनुसार आ.व. २०७७/०७८ मा अन्नपूर्ण गाउँपालिका म्याग्दीले रु.६,३९,२६,८१६/- (अक्षररुपीः छ करोड उनन्चालिस लाख छब्बिस हजार आठ सय सोह्र रुपैया मात्र) सामाजिक सुरक्षा भत्ता वितरण गरेको थियो।

समष्टिगतः

- सामाजिक सुरक्षा भत्ता, व्यक्तिगत घटना दर्ता तथा सम्बन्धित विषयहरुमा आउने गुनासो सुनुवाई तथा व्यवस्थापनको लागि वडाका जनप्रतिनिधि तथा कर्मचारीको लागि अभिमुखीकरण तालिम सम्पन्न भयो।
- सामाजिक सुरक्षा तथा ब्यक्तिगत घटना दर्ता कार्लाई वडागत रुपमा सहज गराउनको लागि वडा कार्यालयमा अपुग विद्युतीय सामाग्रीहरु राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागबाट विनियोजित बजेटबाट सबै (१-८) वडाहरुको लागि डेस्कटप कम्प्यूटर, प्रिन्टर, स्क्यानर र 4G Wireless Dongle खरिद गर्ने कार्य सम्पन्न भयो।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई प्रभावकारी र व्यवस्थित गराउनको लागि रेडियो आवाज प्रसान, पर्चा पम्प्लेट र लिफ्टलेट टास्ने कार्यका साथै वितरण गरी प्रचार प्रसारको कार्य सम्पन्न भयो।
- व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा तथा गुनासो सुनुवाई सम्बन्धि दर्ता सिविर (१६ दिने अभियान) सञ्चालन गर्ने कार्य सम्पन्न भयो। (२०१)

खड्क प्रसाद पुन
MIS अपरेटर